बुधबार ९ पुस २०७१
WEDNESDAY, DECEMBER 24, 2014

# मह उत्पादन कम हुँदा निर्यातमा समस्या

गरिबी निवारणमा मौरीपालनले महत्त्वपूर्ण भूमिका खेल्नसक्ने भए पनि सरकारले यसमा प्राथमिकता दिन सकेको छैन। अहिले ३५ जिल्लामा व्यावसायिक रूपले मौरीपालन हुने गरे पनि यसको उत्पादन व्यावसायिक हुन सकेको छैन।

अन्नपूर्ण

**काठमाडौं** : सरकारले निर्यात बढाउन नेपाल एकीकृत व्यापार रणनीति २०१० मा निर्यात गर्ने वस्तुमा महलाई पनि समावेश गरे पनि निर्यात हुन सकेको छैन। मह उत्पादन परिमाण कम हुँदा निर्यात गर्न नसकिएको सम्बद्ध अधिकारीले जानकारी दिएका छन्।

साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड एन्भाइरोमेन्ट (सावती)ले गरेको अध्ययनले निर्यात बढाउने गरी उत्पादन नभएको देखाएको छ। सावतीले मंगलबार राजधानीमा आयोजना गरेको मह निर्यातको गैरभन्सार अवरोध र यसको समाधान विषयक कार्यशालामा विज्ञहरूले ठूलो परिमाणमा उत्पादन हुन नसक्नु तथा प्रयोगशालाको समस्याक ा कारण निर्यातमा समस्या आएको बताए।

वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तोयनारायण ज्ञवालीले उत्पादन बढाउन नसक्दा निर्यात पनि प्रवर्द्धन नभएको बताए।

'मह उत्पादन गर्न नेपालमा ठूलो सम्भावना छ', सहसचिव तोयनारायण ज्ञवालीले भने, 'यसका लागि अन्तरसरकारी निकायमा समन्वयन हुन जरुरी छ।'

गरिबी निवारणमा मौरीपालनले महत्त्वपूर्ण भूमिका खेल्नसक्ने भए पनि सरकारले यसमा प्राथमिकता दिन सकेको छैन। अहिले ३५ जिल्लामा व्यावसायिक रूपले मौरीपालन हुने गरे पनि यसको उत्पादन व्यावसायिक हुन सकेको छैन।

सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले व्यावसायिक रूपमा उत्पादन हुन नसक्दा मह निर्यात हुन नसकेको बताए। सरकारले एनटीआईएसमा महलाई राखे पनि यसको निर्यात भने नगन्य छ।